# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ७/०८२/०८३

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मितिः** २०८२/०९/२५

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | उपस्थित |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |
| आमन्त्रित | | | |

## प्रस्ताव नं १ समिक्षात्मक विवरण ।

आजको बैठकमा प्रमुख प्रशासकीय अधिकृतज्यूले नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भईरहेको निम्नानुसारका विषयमा नगर कार्यपालिकाको बैठकमा जानकारी गराउनु भयो ।

१. भुमिसुधार तथा मालपोत कार्यालयबाट सम्पादन भईरहेको जग्गा प्रशासन सम्बन्धि भू सेवा, राजश्व संकलन,धितोबन्धकी तथा फुकुवा,लालपुर्जाको फोटोकपी प्रिन्ट,बायोमेट्रिक लिने लगायतका सेवा नगरपालिकाबाटै उपलब्ध गराउन तयारी भईरहेको ।
२. बेरुजु फछ्र्यौटका सम्बन्धमा गत छ आर्थिक वर्षमा कायम भएको ७२ करोड बेरुजु मध्ये नियमित गर्नुपर्ने ४८ करोड नियमित गर्नुपर्ने तथा प्रमाण पेश गर्नुपर्ने बेरुजु नियमित गर्नका लागि ५०० भन्दा बढी पत्राचार गरिएको ।सो अनुसार करिब ३२ करोड बेरुजु फछ्र्यौटका लागि महालेखा परीक्षकको कार्यालयमा पेश भई बाँकी ४० करोड बेरुजु फछ्र्यौटका लागि आवश्यक काम भईरहेको ।
३. जेनजी आन्दोलनका क्रम क्षति पुगेको नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको मर्मतका सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयको सभाहल मर्मत भएको, कार्यालयको बाहिरी भागमा एसिपि बोर्ड लगाउने कार्य भईरहेको,हाल न्यायिक समितिको इजालश कक्ष रहेको सभाहलको अर्को कोठामा थप शाखाहरुको कार्यकक्ष स्थापना गर्न डिजाइनिङको कार्य भईरहेको,कार्यालयको पछ्याडीपट्टी स्टोर कक्ष निर्माण गर्न ठेक्का बन्दोवस्त भएको,६ नं वडा कार्यालय मर्मत अन्तिम अवस्थामा रहेको तथाकार्यालयका जलेका सवारी साधनहरु मर्मतका लागि पहिलोपटक इबिड मार्फत ठेक्का बन्दोवस्त गरिएको ।
४. नगरपालिकाको स्वामित्वमा शनिश्चरे बजारमा रहेका व्यवसायिक सटरहरुको पुरानो बक्यौता असुलीको प्रक्रियामा रहेको । ठुलो बक्यौता रहेका व्यसायीहरुसँग ३ किस्तामा बक्यौता असुल गर्ने प्रतिबद्धता प्राप्त भएको ।अन्य व्यसायीहरुको नियमित वहाल प्राप्त भइरहेको ।
५. बजार अनुगमनका लागि बजार अनुगमन गर्नुपूर्व प्रचार प्रसार गर्न जिंगल बनाई माइकिङ गरिएको ।

**प्रस्ताव नं २ तहवृद्धि सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुको तहवृद्धि सिफारिस समितिको बैठकबाट स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा (३) बमोजिम तहवृद्धिका लागि योग्यता पुगेका देहायानुसारका कर्मचारीहरुको तहवृद्धिका लागि नगर कार्यपालिकाको बैठकमा सिफारिस भई निर्णयार्थ प्रस्ताव पेश भएको

| सि. नं. | कर्मचारीको नामथर, | हाल कायम रहेको | | तहवृद्धि भई कायम हुने | |
|---|---|---|---|---|---|
| | | पद/तह | सेवा/समूह | पद/ तह | जेष्ठता कायम हुने मिति |
| १ | डेनजनी आचार्य | अधिकृत/ अधिकृतस्तर सातौं | स्थानीय प्रशासन/ सामान्य प्रशासन | अधिकृत/ अधिकृतस्तर आठौं | २०८२/०८/२० |
| २ | धर्मेन्द्रकुमार साहू, | सहायक/ सहायकस्तर पाचौं | स्थानीय प्रशासन/ सामान्य प्रशासन | अधिकृत/ अधिकृतस्तर छैटौं | २०८२/०४/०९ |
| ३ | सरितादेवी खतिवडा | म.वि.नि./ सहायकस्तर पाचौं | स्थानीय प्रशासन/विविध | अधिकृत/ अधिकृतस्तर छैटौं | २०८२/१२/०१ |

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमका कर्मचारीहरुको तहवृद्धि गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३ योजना सञ्चालन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुका सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथि छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुको हकमा देहाय बमोजिम हुने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

१. नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पनर्प्राथमिकीकरण, अनत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी भएको निर्णयानुसार निर्णय कार्यान्वयनका आवश्यक व्यवस्था मिलाउने ।
२. स्वीकृत कार्यक्रम तथा आयोजनाहरु मिति २०८२ फाल्गुण मसान्त भित्र सम्झौता गर्ने।
३. सम्झौता भएका आयोजनाहरु २०८३ ज्येष्ठ मसान्त भित्र सम्पन्न गरी फरफारख हुने गरी अन्तिम म्याद निर्धारण गर्ने ।

**प्रस्ताव नं ४ सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा सञ्चालन हुने आयोजना छनौट सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक बोर्ड नेपालबाट प्राप्त सडक मर्मत सम्बन्धि अनुदान रकम तथा यस नगरपालिकाको लागत साझेदारीमा सडक मर्मत सम्बन्धि आयोजना छनौट गर्ने सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोरा:** यस प्रस्ताव माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक बोर्ड नेपालबाट प्राप्त सडक मर्मत सम्बन्धि अनुदान रकममा यस नगरपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम अन्तर्गत सडक बोर्डसँगको लागत साझेदारीमा योजना सञ्चालनका लागि विनियोजित बजेट मध्येबाट लागत साझेदारी गरी मिलडाँडा-तामाङचौक, वडा नं ४, ७ कालोपत्रे सडक मर्मत आयोजना छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ नगर सभामा पेश गरिने कार्यक्रम तथा प्रस्तावहरु स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** निम्न बमोजिमका विधेयक तथा प्रस्तावहरु थप छलफल तथा स्वीकृतिका लागि नगर सभाको बैठकमा पेश हुनका लागि पेश भएको ।

१. विधेयक मस्यौदा समितिको बैठकमा छलफल भई नगर कार्यपालिकाको बैठकमा पेश भएका निम्न बमोजिमका विधेयक, नीति तथा रणनीतिहरु नगर सभाको बैठकमा पेश गर्नका लागि पेश भएकोः
   क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२
   ख. रोजगार रणनीति, २०८२
   ग. सामाजिक समावेशिकरण नीति, २०८२
२. यस अर्जुनधारा नगरपालिकाको जम्मा बेरुजु मध्ये नियमित गर्नुपर्ने प्रकृतिको बेरुजुका सम्बन्धमा नगर सभाको अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफल भई नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौटका लागि प्रतिवेदन पेश भएको ।
३. नगर कार्यपालिकाको कार्यालयमा खरिद शाखा स्थापना सम्बन्धि संगठन तथा व्यवस्थापन सर्वेक्षण पुरक प्रतिवेदन पेश भएको ।
४. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय र व्ययको अनुमान तथा साविकमा स्वीकृत कार्यक्रमहरुको संशोधनका सम्बन्धमा थप छलफल तथा नगर सभामा निर्णयार्थ पेश गर्न प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भएका विधेयक, नीति तथा रणनीतिहरु, बेरुजु फछ्र्यौट सम्बन्धि प्रतिवेदन, खरिद शाखा स्थापना सम्बन्धि संगठन तथा व्यवस्थापन सर्वेक्षण पुरक प्रतिवेदन तथा चालु आर्थिक वर्षको संशोधित आय र व्यय, कार्यक्रम संशोधन सम्बन्धि प्रस्तावहरु स्वीकृत गरी थप छलफल तथा निर्णका लागि नगर सभाको अठारौं नियमित अधिवेशनको बैठकमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।